# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)

प.लि.नं. ८०७/०५८/५९
केन्द्रिय कार्यालय, काठमाडौँ


च.न. : २२ क

मिति : २०७८/०८/२२

श्री नेपाल स्टक एक्सचेन्ज लि. सिंहदरबारप्लाजा, काठमाडौँ ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।
श्री सि.डि.एस. एण्ड क्लिएरिङ्ग लि. पुतलीसडक, काठमाडौँ ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं ।

**विषय : २० औँ वार्षिक साधारण सभाको सूचना पेश गरेको सम्बन्धमा ।**

महोदय,

यस स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. २० औं वार्षिक साधारण सभा मिति २०७८/०९/१५ गते बिहानको ११:०० वजे एलिस रिसेप्सन, गैरिधारा, काठमाडौंमा हुने र सो साधारणको सभाको प्रयोजनको लागि मिति २०७८/९/६ गतेदेखि साधारण सभा सम्पन्न हुने दिनसम्म शेयर दाखिल खारेज बन्द गरिने भएकाले सो सम्बन्धी सूचना तहाँको जानकारीको लागि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

भवदीय,

....................
अवधेश प्रसाद पन्त
कम्पनी सचिव

# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
# Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं ।
फोन नं.: ०१-४५३४९२१/२२, फ्याक्सः ०१-४५४१५२५

## बिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७८/०८/२२)

यस वित्तीय संस्थाको मिति २०७८ साल मंसीर १३ गते सोमवार बसेको सञ्चालक समितिको ३७७ औं बैठकको निर्णय अनुसार बिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति : २०७८ पौष १५ गते बिहीबार ।**

**समय : बिहान ११:०० बजे ।**

**स्थान : एलिस रिसेप्सन, गैरिधारा, काठमाडौं ।**

**छलफलका विषयहरूः**

**क) सामान्य प्रस्तावः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७७/७८ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।

३. आ.व. २०७७/७८ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पूँजीको ६ % ले हुन आउने रकम रु.५,६५,८०,०००/- नगद लाभांश (बोनस शेयर र नगद लाभांशको कर सहित) शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

४. स्वतन्त्र संचालक पदमा संचालक समितिबाट गरिएको नियुक्तिको जानकारी ।

**ख) विशेष प्रस्तावः**

१. हाल कायम अधिकृत पूँजी रु. १,००,००,००,०००/- बाट बृद्धि गरी रु १,१५,००,००,०००/- पुर्‍याउने ।

२. नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७७/७८ सम्मको मुनाफाबाट चुक्ता पूँजीको १९ % ले हुने रकम रु. १७,९१,७०,००० /- बराबर बोनस शेयरलाई शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने ।

३. हालको जारी तथा चुक्ता पूँजी रु.९४,३०,००,०००/- मा उपरोक्त बमोजिमको बोनस शेयर जारी गरी जारी तथा चुक्ता पूँजी रु. १,१२,२१,७०,०००/- कायम गर्ने ।

४. प्रबन्धपत्रको दफा ४(द), ५(क) ५(ख), ५(ग) संशोधन गर्ने ।

५. प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

### साधारण सभा सम्बन्धी अन्य जानकारी

१. बिसौं वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०७८/०९/०६ गतेदेखि सभाको मितिसम्म वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द रहनेछ।

२. वित्तीय संस्थाको संक्षिप्त वार्षिक आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावहरूको सम्बन्धित ठेगानामा पठाइनेछ । यदि सो प्राप्त नभएमा कार्यालय समयभित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौँबाट वा वित्तीय संस्थाको वेबसाइट http://swbbl.com.np बाट प्राप्त गर्न सकिनेछ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय, कमलपाखरी, काठमाडौंमा सभा सुरू हुनुभन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति यस वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ। एक शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछन्।

४. एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ।

५. नाबालक वा विक्षिप्त शेयरधनीहरूको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ।

६. सभामा उपस्थित हुने शेयरधनीहरूले संस्थाको शेयर अभौतिकीकरण गरेको विवरण/अभौतिकिकरण खाताको विवरण (शेयर अभौतिकिकरण नगरेका शेयरधनीको हकमा सक्कल शेयर प्रमाण पत्र) र यी दुईमध्ये कुनै एकका साथ आफ्नो परिचय खुल्ने प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षभित्र प्रवेश गर्न पाइनेछ।

७. सभामा भाग लिने शेयरधनी महानुभावले सभा हुने स्थानमा सभा सुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ।

८. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थल आउँदा झोला, प्याकेट वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ। सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ।

९. कोभिड महामारीको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थल आउँदा मास्क लगाएर आउनुहुन अनुरोध गरिन्छ।

१०. कोभिड महामारीको कारणले शेयरधनी महानुभावहरूलाई सभामा अनलाईन उपस्थित हुने व्यवस्था मिलाईनेछ। यस सम्बन्धी थप जानकारी वित्तीय संस्थाको वेबसाइट http://swbbl.com.np मा प्रकाशित गरिनेछ।

११. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंको फोन नं. ०१-४५३४९२१/०१-४५३४९२२ फ्याक्स नं. ०१-४५४१५२५ ईमेल info@swbbl.com.np मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।